# संघीय संसद सचिवालय
## संसद भवन, सिंहदरवार

## पुराना जिन्सी मालसामानहरु लिलाम बिक्री सम्बन्धी शिलबन्दी बोलपत्रको सूचना

(प्रथम पटक सूचना प्रकाशित मितिः-२०७५।३।२१गते)

यस सचिवालयमा रहेका पुराना चार पांग्रे तथा दुई पांग्रे सवारी साधनहरु, सवारी साधनका पार्टपूर्जाहरु र फर्निचर लगायतका जिन्सी मालसामानहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ औं दिनको कार्यालय समय भित्र रित पूर्वकको बोलपत्र फाराम खरिद गरी नियमानुसार शिलवन्दी बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

१. लिलाम सकार गर्न चाहने इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ औं दिनको कार्यालय समयभित्र यस सचिवालयको आर्थिक प्रशासन शाखाबाट रु.२,०००।०० दुई हजार (फिर्ता नहुने) बुझाएको सक्कल रसिद पेश गरी जिन्सी इकाईबाट शिलबन्दी बोलपत्र फाराम प्राप्त गर्न सकिनेछ ।

२. यसरी खरिद भएका बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले २२ औं दिन भित्र दिनको १२:०० बजे सम्म यस सचिवालयमा दाखिला गर्नुपर्नेछ । म्यादभित्र दर्ता हुन आएका शिलवन्दी बोलपत्रहरु २२ औं दिन दिनको २:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा जिन्सी इकाईमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि खोल्न बाधा पर्ने छैन ।

३. बोलपत्र फाराम खरिद एवं दाखिला गर्ने अन्तिम दिन वां खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसपछिको कार्यालय खुल्ने दिन सोही समय र स्थानमा उक्त कार्य गरिनेछ ।

४. बोलपत्र फाराम साथ एभरेष्ट बैंक लिमिटेड, नयां बानेश्वर शाखाको सिंहदरवार परिसर भित्रको सिंहदरवार काउण्टरमा रहेको को.ले.नि.का.भुक्तानी केन्द्र नं.४ सिंहदरबारको धरौटीको एकल खाता नं १३५००१ र कार्यालय कोड २७-२०२-०१ मा कबोल अंकको १०% ले हुने रकम जम्मा गरेको सक्कल भौचर संलग्न हुनुपर्नेछ ।

५. बोलपत्र फाराम साथ फर्म, संस्था वा कम्पनी भए इजाजत प्राप्त प्रमाण पत्रको प्रतिलिपी र व्यक्ति भए नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी अनिवार्य रुपमा संलग्न हुनुपर्नेछ ।

६. बोलपत्र फाराममा रकम उल्लेख गर्दा अंक र अक्षरमा प्रष्ट रुपमा भर्नु पर्नेछ । उल्लेखित अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

७. रीत नपुगेको वा म्याद नाघी आएको तथा न्यूनतम मूल्य भन्दा घटी अङ्कित भएको वा सर्त सहितको बोलपत्र उपर कुनै कार्यवाही गरिने छैन ।

८. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार सचिवालयमा सुरक्षित रहनेछ ।

९. लिलाम गर्ने सम्पूर्ण जिन्सी मालसामानहरुको जम्मा कर दस्तुर बाहेक न्यूनतम मूल्य रु.१०,४१,३७९।०० (अक्षरुपी दश लाख एकचालिस हजार तीन सय उनासी रुपैयाँ मात्र)) कायम गरिएको छ ।

१०. स्वीकृत बोलपत्रदाताले बोलपत्र स्वीकृत भएको सूचना पाएको ७ (सात) दिन भित्र आफूले कबोल गरेको मूल्य र सो मा प्रचलित नियमानुसार लाग्ने कर समेतको रकम राजस्व खाता नं. १४२१२ मा जम्मा गरेको सक्कल बैंक भौचर पेश गरी सामान उठाई लैजानु पर्नेछ । म्यादभित्र नलगेमा आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५८ को (१२) वमोजिम कारवाही हुनेछ ।

११. लिलामबाट सकार गरेको सवारी साधनहरुको प्रचलित ऐन नियमानुसार नामसारी वा दर्ता गराउने कार्य निज लिलाम सकार गर्नेको नै हुनेछ ।

१२. लिलाम बिक्री हुने सामानहरु हेर्न चाहेमा कार्यालय खुलेको दिन (दिनको १२:०० बजेदेखि ३:०० बजे सम्ममा) सम्पर्क गरी हेर्न सकिनेछ । साथै लिलाम सम्बन्धी अन्य जानकारी आवश्यक परेमा यस सचिवालयको जिन्सी इकाई (फोन नं. ४२००१०२) मा सम्पर्क गरी लिन सकिनेछ ।

१३. यसमा उल्लेख नभएका कुराहरु आर्थिक कार्यविधि ऐन, २०५५ एवं नियमावली, २०६४ र प्रचलित ऐन नियम बमोजिम हुनेछ ।